# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल



सम्पर्क नं. ०८८५९४००५
९८६०८९०५७४


**पत्र संख्या: २०८१/०८२ (रोजगार सेवा केन्द्र)**

**चलानी नम्बर :** २४६८

**मिति: २०८२/०१/२२ गते**

**ने.स.११४५बछलाथ्व अष्टमी**

**श्री वडा कार्यालयहरु (सबै),**
**आठविसकोट नगरपालिका रुकुम (पश्चिम)।**

**विषय : आर्थिक वर्ष २०८२/०८३ को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना सिफारिस गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा पत्र संख्या २०८१/८२( शा.सु./ योजना),चलानी नम्बर ३०६२, मिति २०८२/०१/२१ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्राप्त पत्रानुसार आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने **मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम** अन्तर्गत आयोजनाहरु छनौट तथा सिफारिस गर्ने सम्बन्धमा प्रत्येक स्थानीय तहहरुलाई वडागत रुपमा अधिकतम बजेट सिमा रु १५,००,०००।– ( पन्ध्र लाख मात्र ) लागत भएका, वडा बासीहरुको आम भेलाबाट माग भएका योजनाहरु मध्येबाट वडा समितिको निर्णय सहित एक वटा (प्रति वडा ) आयोजना छनौट गरी मिति २०८२/०१/३१ गते भित्र यस पालिकाको रोजगार सेवा केन्द्रमा पठाउनुहुन यसै पत्रका साथ अनुरोध छ।

**देहायअनुसारको मापदण्डको आधारमा योजना छनौट गर्नुपर्ने छ :**

- प्रत्येक वडागत रुपमा अधिकतम बजेट सिमा १५ लाख रहेकोले सोहि बजेट सिमा भित्र रही आयोजना सिफारिस गर्ने।
- प्रत्येक वडाले वडा बासिहरुको आम भेलाबाट माग भएका योजनाहरु मध्येबाट वडा समितिको निर्णय सहित एक वटा आयोजना (प्रति वडा ) छनौट गरी तोकिएको मितिमा उपलब्ध गराउने।
- आयोजना छनौट गर्दा पारिश्रमिक तर्फको बजेट वा ज्यालामा खर्च हुने रकम बृद्धि हुने खालका योजनाहरु यथासम्भव प्राथामिकतामा राख्ने।
- यान्त्रिक उपकरणहरु डोजर लागायतका ठुला मेसीनहरुको प्रयोग हुने खालका योजनाहरु छनोट नगर्ने।
- आयोजना सिफारिस गर्दा यसै पत्रका साथ संलग्न गरिएको अनूसूची १ मा समावेश आयोजनाको क्षेत्र/ उपक्षेत्रको आधारमा गर्नु हुन्।
- थप जानकारीको लागि रोजगार सेवा केन्द्र वा cmep.karnali.gov.np मा सम्पर्क गर्ने

२०८२/०१/२२

इन्द्र बहादुर बिष्ट
नि. प्रमुख प्रशासकीय अधिकृत